# माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभा

यस माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभा यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष दिनेश प्रसाद श्रेष्ठज्यूको सभापतित्वमा २०८२ पौष २८ गते, सोमबार (12th January 2026, Monday) बिहान ११:०० बजे उद्घाटन पश्चात उक्त साधारण सभा सम्पन्न भई निम्न बमोजिमको निर्णय (माइन्यूट) अभिलेख रह्यो ।

## १. बार्षिक साधारणसभाको मिति समय र स्थान :-

साधारणसभा स्थल : धुम्र बाराह पार्टी प्यालेस, धुम्बाराही काठमाण्डौं ।
साधारणसभाको मिति : २०८२ पौष २८ गते, सोमबार (12th June 2026, Monday)
समय : बिहान ठीक ११:०० बजे,

## २. बार्षिक साधारणसभाका प्रस्तावहरु :-

**क) सामान्य प्रस्तावहरु:**

१) आ.व.२०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्नुका साथै सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षको नियुक्ती एवं अनुमोदनको सम्बन्धमा ।
३) आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) बिशेष प्रस्तावहरु:**

१) कम्पनीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप पर्ने सम्बन्धमा ।
२) कम्पनीको अधिकृत तथा जारी पुँजि बृद्धि गर्ने सम्बन्धमा ।
३) यस कम्पनीले बिभिन्न बैंकहरुबाट लिएको कर्जा तिर्नको लागि हाल कायम चुक्ता पुँजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।
४) अख्तियारी प्रत्यायोजन गर्ने बारे ।
५) विविध ।

## ३. सभाको सूचना जारी :-

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८२/०९/०६ मा बसेको सञ्चालक समितिको बैठकले यस प्रा.लि.को नवौं वार्षिक साधारणसभा मिति २०८२ पौष २८ गते, सोमबार (12th June 2026, Monday) बिहान ११:०० बजे बस्ने भनी निर्णय भएअनुसार कम्पनी ऐन, ६७ (२) को व्यवस्था यस कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुलाई विद्युतिय माध्यम, कम्पनीको वेभसाईट र सूचनापाटीमा टाँस गर्नुको साथै राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिमामा प्रथमपटक मिति २०८२/०९/०७ गते र दोस्रोपटक मिति २०८२/०९/२१ गते सूचना प्रकाशित गरि उपस्थितिको लागि अनुरोध गरिएको थियो ।

नबिन बर्मा
कम्पनी सचिब

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

४. **रजिष्ट्रेशन :-**

कम्पनीको तर्फबाट उक्त साधारण सभाको हलमा कम्पनीका आगन्तुक शेयरधनीहरुलाई रजिष्ट्रेशन स्थलमा कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल लिमिटेडका कर्मचारीहरुले रजिष्ट्रेशन गरी सभाको कार्य तालिका, साधारणसभाका एजेण्डा, लेखापरीक्षण प्रतिवेदन समेत संलग्न रहेको कम्पनीको तर्फबाट तयार पारिएको बार्षिक प्रतिवेदन सहित साधारण सभासंग सम्बन्धित विवरण प्रत्येक शेयरधनीहरुलाई उपलब्ध गराई सभाहलमा उपस्थिति जनाईएको थियो ।

यसरी धुम्रबाराह पार्टी प्यालेस, धुम्बाराही काठमाण्डौंमा यस कम्पनीको नवौं बार्षिक साधारणसभा हुन गईरहेको हुँदा उद्घोषक अधिवक्ता श्री सन्तोष कुमार भट्टराईले आजको बार्षिक साधारणसभाको निर्धारित समय तालिका बमोजिमको कम्पनीका संस्थापक सदस्य तथा निबर्तामान अध्यक्ष श्री बिजयमान शेरचनज्यू, कम्पनीमा अध्यक्ष श्री दिनेश प्रसाद श्रेष्ठज्यू लगायत सञ्चालकज्यूहरु श्री रमेश राज सिवाकोटी, श्री हेमनिधी शर्मा, श्री सोहन सुन्दर श्रेष्ठ त्यस्तैगरी सर्वसाधारण तर्फबाट श्री अनिल शर्मा र श्री सुरक्षा श्रेष्ठ त्यसैगरी बिज्ञ/स्वतन्त्र सञ्चालक श्री बाल मुकुन्द रुपाखेती र कम्पनी सचिब श्री नबिन बर्मा लगायत कम्पनीका अन्य पदाधिकारीज्यूहरुलाई ड्यासमा आमन्त्रण गरी उद्घाटन सत्रको कार्यक्रम विधिवत रुपमा सुचारु भएको घोषणा उद्घोषकज्यूले सभालाई गराउनु भयो ।

यसरी आसन ग्रहण पश्चात राष्ट्रिय धुन मार्फत विधिवत कार्यक्रमको सुरुवात भएको घोषणा सभालाई गराए पश्चात यस माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडमा संस्थापक सदस्य तथा निबर्तामान अध्यक्ष श्री बिजयमान शेरचनज्यूले पानसमा दिप प्रज्वलन गर्दा उपस्थित सबै महानुभावहरुले खुसी ब्यक्त गर्दै तालिले स्वागत गर्नुभयो ।

तत्पश्चात अध्यक्षज्यूले सभापतित्व ग्रहण गरे पश्चात व्याच वितरण गरी औपचारिक रुपमा बार्षिक साधारणसभाको कार्यक्रम सुरुवात भएकोले आजको यस नवौं बार्षिक साधारणसभामा स्वागत मन्तब्य राख्नका लागि सञ्चालक श्री सुरक्षा श्रेष्ठज्यूलाई कार्यक्रम प्रस्तोताज्यूले ड्यासमा आमन्त्रण गरी माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड तर्फबाट यावत गतिबिधीहरुको साथै संक्षिप्त रुपमा स्वागत मन्तव्य राख्नको लागि अनुरोध गर्नुभयो ।

५. **स्वागत मन्तव्य :-**

**सञ्चालक श्री सुरक्षा श्रेष्ठ :-**

सञ्चालक श्री सुरक्षा श्रेष्ठज्यूले आजको बार्षिक साधारणसभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु र कम्पनीको निमन्त्रणालाई स्विकारी पाल्नुभएका सम्पूर्ण नियमक निकाय, हाइड्रोपावरसँग सम्बद्ध पदाधिकारीज्यूहरु र कम्पनीमा कार्यारत कर्मचारी साथीहरुलाई माया खोला हाइड्रोपावरको यो आजको बार्षिक साधारणसभामा स्वागत गर्न चाहन्छु । बिभिन्न समस्याहरुको बाबजुद पनि यस कम्पनीले निमार्ण गरेको संखुवासभा स्थित यस प्रोजेक्टमा सम्पुर्ण प्रकृया सम्पन्न पश्चात हाल नेशनल ग्रिडमा लाईन जोडी व्यवसायिक उत्पादन शुरु गरीसके पश्चात साधारणसभा हुन गईरहेको परिबेश हाल बिद्यमान छ । यसरी कम्पनी भित्रका यावत गतिबिधिहरु आजको साधारणसभामा छलफल गरी सम्पुर्ण प्रस्ताबहरु पारित नहुन्जेलसम्म यहाँहरुको उपस्थिती र रचनात्मक सुझाबको अपेक्षा गर्दै पुनः सबैमा स्वागत गर्दै बिदा हुन्छु ।

..................
नबिन बर्मा
कम्पनी सचिब

..................
दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

यसरी आजको एजेण्डाहरुको सुचीको जानकारी सुरुवात कै क्रममा कार्यक्रम प्रस्तोताले आजको साधारणसभाबाट निर्णय गर्नुपर्ने छलफलका विषयहरु माथि साधारणसभाको ध्यान केन्द्रीत गर्नुभयो ।

६. **सभाको बैधानिकता :-**

यस माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको बाँडफाँड भएको शेयरको करिब ६०% शेयरधनीहरु स्वयं एवं प्रोक्सी मार्फत उपस्थित हुनु भएको हुँदा नियमावलीको दफा २३ अनुसार साधारण सभा गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न बैधानिक भएको जानकारी कानूनी प्रतिनिधि एवम् कार्यक्रम सञ्चालकज्यूले गराए पश्चात आजको यस नवौं वार्षिक साधारणसभाबाट देहायका विषयहरुमा शेयरधनीहरुको ध्यान केन्द्रीत गरी निर्णयमा पुग्नको लागि साधारणसभामा निम्न बमोजिमका प्रस्तावहरु रहेभएको जानकारी सभालाई गराउनु भयो ।

७. **सभाको अन्य गतिबिधीहरु:-**

क) साधारणसभाको बिधिवत कार्यक्रम सूचारु भए पश्चात अध्यक्ष श्री दिनेश प्रसाद श्रेष्ठज्यूले आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन सभालाई बाचन गर्नुका साथै माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको बर्षभरीको सञ्चालक समितिको तर्फबाट भए गरेको कार्यहरुलाई समेट्दै तयार गरेको प्रतिबेदन स्वीकृतीको लागि सभा समक्ष बाचन गर्नु भएको थियो ।

ख) त्यसैगरी, यस कम्पनीमा हालका चाटर्ड एकाउन्टेन्ट M Tiwari & Associates को तर्फबाट आजको यस बार्षिक साधारणसभामा पेश गरीएको आर्थिक बर्ष २०८१/०८२ को सम्पूर्ण वित्तीय विवरण तथा आर्थिक प्रतिवेदन सभा समक्ष बुकलेट मार्फत प्रेषित गरिएकोले सभा समक्ष पेश भएको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण समेतमा आ-आफ्नो राय, प्रतिक्रिया, तथा सुझाव भएमा क्रमश नाम टिपाई सभा समक्ष राख्नको लागि कम्पनी सचिबज्यूले जानकारी गराउनु भयो ।

यसरी प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, एकीकृत आय व्यय हिसाब, नगद प्रवाह विवरण तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, प्रतिक्रिया, तथा सुझावहरु लिखित तथा मौखित रुपमा पेश गर्नु भएको थियो ।

**राय, प्रतिक्रिया, तथा सुझाव दिनुहुने शेयरधनीहरु:**

१. श्री युबक बस्याल
२. श्री गोबिन्द बहादुर के.सी.
३. श्री ब्रम्हदेब शाक्य
४. श्री ईन्द्र प्रसाद लामिछाने
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री निरुपमा गुप्ता
७. श्री बैचुलाल रौनियार
८. श्री लक्ष्मण बहादुर श्रेष्ठ
९. श्री सुदिप श्रेष्ठ

..................
नबिन बर्मा
कम्पनी सचिव

..................
दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

**नवौं वार्षिक साधारणसभामा उपस्थित शेयरधनीहरुले समग्रमा देहायका बिषयहरुमा बोर्डको ध्यान केन्द्रित गर्दै मन्तव्य, सुझाव तथा जिज्ञासाहरु राख्नुभएको थियोः-**

i) कम्पनीको बार्षिक साधारणसभा अलि रस नभएको बखत अर्थात दशै अगाबै सम्पन्न गर्ने बातावरण बोर्डले मिलाउनु पऱ्यो । त्यसैगरी व्यवसायिक उत्पादन समेत सुरु भई हकप्रद शेयर दिने कुरा बोर्डको तर्फबाट सुन्नमा आएकोले त्यसलाई सकारात्मक रुपमा लिदै हाल बैंकको ऋणको ब्याजदर सस्तो भएकोले त्यो सुबिधा लिई कम्पनी सञ्चालन गर्दा ठूलो धनराशि संचित हुने हुँदा अबका दिनहरुमा शेयरधनीहरुलाई लाभांस दिन सक्ने बातावरण बनाउनु पऱ्यो ।

ii) कम्पनीको प्रमुख आर्थिक सूचकांक सकारात्मक रहे भएता पनि कम्पनीले तिर्नु बुझाउनु पर्ने लोनको मात्रा ठूलो रहेकोले तत्कालै शेयरधनीहरुले लाभांश पाउने परिस्थिती नदेखिएकोले बोर्डको तर्फबाट संस्थागत रुपमा यस कम्पनीले अन्य कम्पनीमा लगानी गरेर होस् वा अन्य गतिबिधिहरु अगाडी बढाउने तर्फ बोर्डले ध्यान केन्द्रित गर्नु पऱ्यो ।

iii) पटक-पटकको आग्रह बमोजिम लेखा परिक्षण प्रतिबेदन ठूल-ठूलो फण्टमा राखिएको पाईयो तर उक्त ले.प.मा भने सञ्चालकहरुको सहिछाप नै नभएको कस्तो प्रतिबेदन बनाएको हो?

iv) कम्पनीका रिपोर्टहरु, त्यसैगरी अन्य गतिबिधीहरु कम्पनीको Official Website मा अपलोड गर्दा सबै शेयरधनीहरुलाई थाहा जानकारी हुने र बार्षिक साधारणसभा समेत कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम २१ दिन अगाबै Website अपलोड गरिदिदाँ शेयरधनीहरुलाई सहज हुने ।

v) कम्पनीको समग्र यथास्थितीको समिक्षाको क्रममा शेयरधनी श्री युबक बस्यालज्यूले कम्पनी भित्रका सुशासनलाई सदैब ख्याल गरी कम्पनी सञ्चालन गर्दा योग्य र सक्षम व्यक्तिहरुलाई कम्पनीमा जिम्मेवारी दिदाँ राम्रो हुने, केवल जागिरमै मात्र केन्द्रित कामदार कर्मचारीहरुले कम्पनीको भलो नगर्ने हुँदा अध्यक्ष लगायत अन्य सम्बद्ध व्यक्तिहरु जिम्मेवार भएर प्रस्तुत हुन आग्रह गर्नु भयो ।

यसरी, माथि शेयरधनी महानुभावहरुले दिनुभएको राय, प्रतिक्रिया, तथा सुझावहरु समय सापेक्ष रहेको र अगामी दिनहरुमा सुझाव बमोजिमका कार्यहरु क्रमशः कम्पनीले लागु गर्दै जाने प्रतिबद्धता अध्यक्षज्यूले जनाउनु भयो । तत्पश्चात उद्घोषकज्यूले अध्यक्षज्यूको प्रतिबेदन र आर्थिक प्रतिबेदन पारितको लागि आह्वान गर्नुभयो ।

## ८. सभाबाट पारित निर्णयहरूः-

### क) सामान्य प्रस्तावहरुः

१) **आ.व.२०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।**

यस कम्पनीका अध्यक्ष श्री दिनेश प्रसाद श्रेष्ठज्यू द्वारा यस सभा समक्ष प्रस्तुत भएको आ.व. २०८१/८२ बार्षिक प्रतिवेदन छलफल पश्चात तालिका साथ स्वीकृत गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

नबिन बर्मा
कम्पनी सचिब

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

**२) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्नुका साथै सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षको नियुक्ती एवं अनुमोदनको सम्बन्धमा ।**

यस कम्पनीको आ.व.२०८१/८२ को आयव्यय विवरण लेखापरिक्षक श्री M Tiwari & Associates द्वारा लेखापरिक्षण गरी प्रतिवेदन संचालक समितिको सिफारिसका साथ वैठकमा पेश भएको प्रतिबेदन माथि छलफल समेत भईसकेकोले कार्यक्रम प्रस्तोताले आर्थिक प्रतिवेदन पारितको लागि आह्वान गर्ने वित्तिकै सभाहलबाट तालि मार्फत पारित भएको घोषणा गरियो।

**३) आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

यस कम्पनीको आगामी आ.व.२०८२/०८३ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने सम्वन्धमा छलफल हुँदा आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकमा M Tiwari & Associates का चाटर्ड एकाउन्टेन्ट श्री मुरलीधर तिवारीज्यूलाई नियुक्त गर्ने र निजको वार्षिक पारिश्रमिक VAT बाहेक रु. ३,००,०००।-(अक्षेरुपी तीन लाख रुपैयाँ) दिने निर्णय साधारणसभाबाट अनुमोदन गरियो ।

**ख) बिशेष प्रस्तावबहरु:**

**१. कम्पनीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप पर्ने सम्बन्धमा ।**

यस माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको कर्जा तिर्ने प्रयोजनको लागि हकप्रद शेयर निश्काशन गर्ने व्यवस्थालाई समय सापेक्ष थप गर्नुपर्ने भएकोले कम्पनीको नियमावलीको नियम ७ लाई साविक कायम राखी ७ मा (१) र (२) नियम थप गरी संशोधन गर्ने र उक्त नियमावलीको नियम ७ को (१) र (२) हुन जाने संसोधनलाई देहाय बमोजिम टाईप गरी संसोधनको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्ने बिशेष प्रस्ताब पारित गरियो ।

*नियमावलीको नियम ७ मा भएको संशोधन*

नियम ७.

१) हकप्रद शेयर जारी गर्ने ।
२) यस कम्पनीले जारी गरेको हकप्रद शेयरमा कुनै शेयरधनीले लगानी गर्न असमर्थ भएमा वा नसकेमा अरु कसैलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न पाउने छ ।

**२. कम्पनीको अधिकृत तथा जारी पुँजि बृद्धि गर्ने सम्बन्धमा ।**

यस कम्पनीको हाल कायम रहेको अधिकृत पूँजी तथा जारी पूँजीले १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्न पूँजि अपुग हुने हुँदा सो सम्बन्धमा विस्तृत छलफल हुँदा अधिकृत पूँजी रु.१,००,००,००,०००।-(अक्षरेपी एक अर्ब) बाट रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) तथा जारी पूँजीलाई रु.१,००,००,००,०००।-(अक्षरेपी एक अर्ब) बाट रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) बृद्धि गरी पुँजि कायम गर्ने र सो पश्चात प्रबन्धपत्रको दफा ६ को (क) र (ख) मा हुन जाने संसोधनलाई देहायबमोजिम टाईप गरी संसोधनको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्ने र संशोधित दफा कार्यालयबाट स्वीकृत गराई अभिलिखित एक प्रति बुझिलिने निर्णय गरियो ।

नबिर्न बर्मा
कम्पनी सचिब

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

## प्रबन्ध पत्रमा गरिएको संशोधनको व्यहोरा

दफा ६. कम्पनीको पूँजी संरचना:

(क) यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयर रु.१००।- को दरले २०००००००० साधारण शेयरहरुमा विभाजन गरीएको छ ।

(ख) कम्पनीको हाल जारी पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयरको रु.१०० दरले २०००००००० साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

३. **यस कम्पनीले बिभिन्न बैंकहरुबाट लिएको कर्जा तिर्नको लागि हाल कायम चुक्ता पुँजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।**

यस कम्पनीले विभिन्न बैंकहरुबाट लिएको कर्जा तिर्नको लागि हाल कायम चुक्ता पुँजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने बिशेष प्रस्ताब आजको यस बार्षिक साधरणसभाले अनुमोदन गर्ने निर्णय गरियो । साथै हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा वित्तीय योजना तथा रणनितिहरु, हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु तथा निष्काशन बाट प्राप्त हुने रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको देहाय बमोजिमको विवरण साधारण सभाहलमा उद्घोषकज्यूले उद्घोष गर्नुभयो । तत्पश्चात १:१ अनुपातमा हकप्रद शेयर निश्कासन पश्चात उक्त पूँजिलाई सोही बमोजिम कम्पनीको हितमा बोर्डको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

१) **हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा वित्तीय योजना तथा रणनितिहरु :**

- यस कम्पनीको रु.१,००,००,००,०००/- ऋण बापतको रकम बैंकहरुलाई भुक्तानी गर्नु हो ।
- ऋण घटाउने : हकप्रद सेयर जारी गरेर प्राप्त गरेको रकम ऋण तिर्नको लागि प्रयोग गर्ने र आम्दानी को मात्रामा बृद्धी गर्ने जसले गर्दा कम्पनीले आफ्नो बाँकी ऋणको बोझ घटाउन ।
- कम्पनीको वित्तीय स्थिति सुधार गर्न र ऋणसँग सम्बन्धित ब्याज खर्च घटाउन ।
- इक्विटी अभिवृद्धिः हकप्रद शेयरको रकमले ऋण तिर्न कम्पनीको इक्विटी स्थिति बलियो बनाउने गर्दछ । यसले कम्पनीको समग्र ऋण-देखि-इक्विटी अनुपात घटाउँछ, जसले कम्पनीको वित्तीय स्वास्थ्यलाई बढाउन र यसलाई लगानीकर्ताहरूका लागि थप आकर्षक बनाउन सक्छ ।
- ब्याजमा खर्च हुने रकमको बचत गर्न ।

२) **हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" बमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन् :

- कम्पनीको माया खोला जलविद्युत आयोजना निर्माणको लागि कुल लागत रु. १,२२,३७,६१,०३२/– रहेको छ ।

नबिन बर्मा
कम्पनी सचिब

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

- विगतमा यस कम्पनीले हासिल गरेको आर्थिक बृद्धिदरलाई कायम राख्न, संस्थालाई वित्तीय हिसावले मजवुत राखि राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने जलविद्युत परियोजनाहरुमा लगानी गर्न सक्ने गरि पूँजी वृद्धि गर्नुपर्ने अवस्था रहेको ।
- कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गइरहेको प्रतिस्पर्धामा समेतलाई ध्यानमा राखि कम्पनीको स्थितिलाई अझ मजबुद बनाउन ।
- सो अनुसार कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,००,००,००,०००/- लाई बृद्धि गरी रु.२,००,००,००,०००/- पुर्‍याउनको लागि १ : १ को अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

**३) निष्काशन बाट प्राप्त हुने रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण:**

मिति २०८२/०९/०४ गते कम्पनीको सतहत्तरौं संचालक समितिको बैठकमा निर्णय भए बमोजिम हाल कायम रहेको जम्मा बैंक ऋण रु. २ अरब ३५ करोड मध्ये केहि रकम र्तिनकने लागि हाल कायम रहेको चुक्ता पूँजी रु.१,००,००,००,०००/- को १:१ को अनुपातमा रु रु.१,००,००,००,०००/- बराबरको १,००,००,००० थान हकप्रद शेयर निष्काशनको उद्देश्य मुख्यतया कम्पनीले विद्युत उत्पादन गरिरहेको आयोजनाको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको कायम बक्यौता (करिव रु. २ अरब ३५ करोड) ऋण भुक्तान गरी ब्याज वापतको तिर्नुपर्ने रकम भुक्तानी रहेको छ ।

हकप्रद शेयर बिकीबाट प्राप्त रकम निम्न प्रयोजनको लागि उपयोग गरिने छ ।

| क. स | कामको विवरण | रकम |
|---|---|---|
| १ | बैंकहरुको ऋण भुक्तानी | रु.१,००,००,००,०००/- |
| **जम्मा** | | **रु.१,००,००,००,०००/-** |

## ४. अख्तियारी प्रत्यायोजन गर्ने बारे ।

आजको यस साधारणसभाको निर्णय बमोजिम कम्पनीको पूँजी बृद्धि तथा पूँजी बृद्धि पश्चातको हकप्रद शेयर निश्कासन गर्ने शिलशिलामा प्रबन्ध-पत्र, नियमावली संसोधन देखि लिएर नियमक निकायबाट प्राप्त आदेश बमोजिम संसोधन, परिवर्तन, फेरबदल एवम् थप घट समेत गरी उक्त कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## ५. विविध ।

छलफलका निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएकोले अध्यक्षता गरीरहनु भएका अध्यक्षज्यूले वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रुपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनी तथा सम्बन्धित निकायहरुबाट पाल्नु भएका सम्पूर्ण अतिथि, सञ्चारकर्मी एवम् कम्पनी प्रति सद्भाव राख्नु हुने सम्पूर्ण महानुभावहरु र कर्मचारीहरुलाई समेत धन्यावाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

.....................
नबिन बर्मा
कम्पनी सचिब

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

# माया खोला हाइड्रोवापर कम्पनी लिमिटेड

*को*

*प्रबन्धपत्रमा गरिएको संशोधनको व्यहोरा*

दफा ६. कम्पनीको पूँजी संरचनाः

(क) यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयर रु.१००।- को दरले २००००००० साधारण शेयरहरुमा विभाजन गरीएको छ ।

(ख) कम्पनीको हाल जारी पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयरको रु.१०० दरले २००००००० साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

# माया खोला हाइड्रोवापर कम्पनी लिमिटेड

*को*

***नियमावलीमा गरिएको संशोधनको व्यहोरा***

**नियम ७.**

१) हकप्रद शेयर जारी गर्ने ।

२) यस कम्पनीले जारी गरेको हकप्रद शेयरमा कुनै शेयरधनीले लगानी गर्न असमर्थ भएमा वा नसकेमा अरु कसैलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न पाउने छ ।

# माया खोला हाइड्रोवापर कम्पनी लिमिटेड

*को*

## *प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनको तीनमहले*

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|
| *प्रबन्धपत्रतर्फ*<br>**दफा ६. कम्पनीको पूँजी संरचना:**<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००।-(अक्षरेपी एक अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयर रु.१००।- को दरले १०००००००० साधारण शेयरहरुमा विभाजन गरीएको छ ।<br>(ख) कम्पनीको हाल जारी पूँजी रु.१,००,००,००,०००।-(अक्षरेपी एक अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयरको रु.१०० दरले १०००००००० साधारण शेयरहरुमा विभाजन गरिएको छ । | *प्रबन्धपत्रतर्फ*<br>**दफा ६. कम्पनीको पूँजी संरचना:**<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयर रु.१००।- को दरले २०००००००० साधारण शेयरहरुमा विभाजन गरीएको छ ।<br>(ख) कम्पनीको हाल जारी पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ । जुन प्रति शेयरको रु.१०० दरले २०००००००० साधारण शेयरहरुमा विभाजन गरिएको छ । | साविकको पूँजीबाट १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्न अपुग भएकोले गरेको । |
| *नियमावलीतर्फ*<br>**नियम ७.**<br>**साबिकको कायम** | *नियमावलीतर्फ*<br>**नियम ७.**<br>१) हकप्रद शेयर जारी गर्ने ।<br>२) यस कम्पनीले जारी गरेको हकप्रद शेयरमा कुनै शेयरधनीले लगानी गर्न असमर्थ भएमा वा नसकेमा अरु कसैलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न पाउने छ । | हकप्रद शेयर निश्काशन गर्ने व्यवस्थालाई समय सापेक्ष थप गर्नुपर्ने भएकोले |

Dshrestha